# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३

| लालमोहर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
| --- | --- |
| २०१३।५।२२ | २०१३।५।२६ |

| संशोधन गर्ने | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |

२०१३ सालको ऐन नं. ९

✂............

## प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त बनेको ऐन

प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त मुलुकी सवाल र अरु नेपाल कानूनको सट्टा नयाँ नियमहरु तयार गर्न आवश्यक भएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यो ऐनको नाम “प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३” रहेको छ ।

(२) यो ऐन नेपालभरमुलुकमा तुरुन्त लागू हुनेछ ।

२. नियम बनाउने नेपाल सरकारको अधिकार: (१) अर्थ, एकाउण्ट र अडिट सम्बन्धी समेत नेपाल सरकारको सबै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न अड्डाखानाहरुले अपनाएको सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त नेपाल सरकार ले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत बनाइएका नियमहरुले प्रशासकीय कार्यविधि सम्बन्धी प्रचलित नेपाल कानून खारेज गर्न अथवा संशोधन गर्न सक्नेछन् ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

**दृष्टव्य** :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर गरिएका शब्दहरू :-
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।